नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

## प्रेस विज्ञप्ति

मितिः २०८१/०६/१६

आज मिति २०८१ असोज १६ गते नेपाल बंगलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (Joint Steering Committee, JSC) को छठौं बैठक नेपाल सरकारका ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका सचिव श्री सुरेश आचार्य तथा जनगणतान्त्रिक बंगलादेश सरकारको विद्युत, उर्जा तथा खनिज मन्त्रालयका वरिष्ठ सचिव श्री मोहम्मद हबिबुर रहमानको सहअध्यक्षतामा काठमाडौंमा सम्पन्न भयो। उक्त बैठकले हिजो सम्पन्न भएको दुवै देशका सहसचिव सम्मिलित संयुक्त कार्य समूह (Joint Working Group, JWG) को बैठकले गरेका सिफारिसहरुमा छलफल गर्यो। उक्त बैठकमा नेपाल-बंगलादेश बीच ४० मेगावाट विद्युत व्यापारको शुरुवातको भोलि असोज १७ गते नेपाल विद्युत प्राधिकरण, बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र एनटिपिसि विद्युत व्यापार निगम बीच हुने त्रिपक्षीय सम्झौता लगायत नेपाल-बंगलादेश अन्तरदेशीय विद्युत प्रसारण लाइनहरुको निर्माण तथा व्यवस्थापन गर्ने, सुनकोशी-३ जलविद्युत आयोजनाको निर्माण र विकास गर्ने तथा अन्तर्देशीय विद्युत आयात-निर्यात गर्ने लगायतका विषयहरुमा छलफल भई देहाय बमोजिम सहमति भएको छः

१. नेपालमा उत्पादित ४० मे.वा. विद्युत बंगलादेशमा निर्यात गर्नका लागि भोलि असोज १७ गते नेपाल विद्युत प्राधिकरण, बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र एनटिपीसि विद्युत व्यापार निगम, भारत बीच विद्युत विक्री सम्झौता (Power Sales Agreement) मा हस्ताक्षर गर्ने।

२. सुनकोशी-३ जलविद्युत आयोजना नेपाल, बंगलादेश र भारत बीच सहकार्यपूर्ण सहभागीता आधारमा विकास गर्ने र उक्त आयोजना विकास गर्ने सम्बन्धमा नेपाल विद्युत प्राधिकरण र बंगलादेश पावर डेभलपमेन्ट बोर्डबीच संयुक्त कम्पनी स्थापना गर्ने सम्बन्धी संयुक्त उपक्रम सम्झौता (Joint Venture Agreement) मा अर्को बैठक अगाडि टुङ्गो लगाउने । साथै, सुनकोशी-३ जलविद्युत आयोजनाबाट उत्पादित विद्युत भारत हुँदै बंगलादेशसम्म पुऱ्याउने सुनिश्चितताको लागि भारत सरकारलाई अनुरोध गर्ने।

३. नेपाल र बंगलादेशबीच विद्युत व्यापारका लागि प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनहरुको प्राविधिक र आर्थिक पक्षको अध्ययन गर्ने ।

४. नेपालको जलविद्युत क्षेत्रमा लगानीको प्रवर्द्धन गर्नको लागि बंगलादेशको निजी क्षेत्रलाई आकर्षित गर्न व्यावसायिक सम्मेलन आयोजना गर्ने सम्बन्धमा सम्भावनाहरुको खोजी गर्ने।

५. वैकल्पिक ऊर्जाको क्षेत्रमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) र Sustainable and Renewable Energy Development Authority (SREDA), बंगलादेशबीच वैकल्पिक ऊर्जामा सहकार्य गर्ने सम्बन्धी समझदारी पत्र (MoU) लाई आवश्यक प्रशासनिक प्रक्रिया पूरा गरी अन्तिम रुप दिने र हस्ताक्षर गर्ने।

६. नेपाल, बंगलादेश र भारत बीच विद्युत व्यापार, अन्तरदेशीय प्रसारण लाइन निर्माण लगायतका विद्युत क्षेत्रमा सहकार्य गर्नका लागि द्विपक्षीय बैठकमा त्रिपक्षीय संयन्त्र बनाउन आ-आफ्नोतर्फबाट पहल गर्ने।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

साथै, छलफलको क्रममा माथिल्लो कर्णाली जलविद्युत आयोजनाको विद्युत बंगलादेशले खरिद गर्ने सम्बन्धमा बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र GMR, India बीच हुने Power Sales Agreement (PSA) सम्बन्धमा समेत बंगलादेश पक्षबाट जानकारी प्राप्त भयो । यसअघि मिति २०८० जेष्ठ १ गते नेपालका तर्फबाट ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव श्री चिरञ्जीवी चटौत तथा बंगलादेशको तर्फवाट विद्युत, ऊर्जा तया खनिज मन्त्रालयका अतिरिक्त सचिव डा. साइद मासुम अहमद चौधरीको सहअध्यक्षतामा बसेको नेपाल-बंगलादेशको संयुक्त कार्य समूह (Joint Working Group, JWG) को छठौं बैठकले अन्तरदेशीय विद्युत प्रसारण लाइनहरुको निर्माण तथा व्यवस्थापन गर्ने, सुनकोशी-३ जलविद्युत आयोजनाको निर्माण र विकास गर्ने तथा अन्तर्देशीय विद्युत आयात-निर्यात गर्ने लगायतका विषयहरुमा आवश्यक छलफल गरी निर्णयका लागि ऊर्जा सचिवस्तरीय समिति (JSC) लाई सिफारिस गरेको थियो। १० अगष्ट २०१८ मा ऊर्जा क्षेत्रमा सहकार्यका लागि सम्पन्न समझदारी (Memorandum of Understanding) को दफा ५ मा भएको व्यवस्था अनुसार उक्त सम्झौताको कार्यान्वयन पक्षलाई सहजीकरण, निर्देशन एवं यस सम्बन्धमा हुने प्रगतिको अनुगमन गर्न सचिवस्तरीय समिति (JSC) तथा सहसचिवस्तरीय कार्य समूह )JWG) गठन गरिएको थियो।

चिरञ्जीवी चटौत
सहचिव एवम् प्रवक्ता